STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ८ गते बुधबार ❑ 24 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कोन सहकारीलाई उत्कृष्ट करदाताको सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ मंसिर**

पोखरा महानगरपालिका वडा नं १३ भद्रकाली चोक स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की जिल्लाबाट उत्कृष्ट करदातामा सम्मान भएको छ।

दशौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह  समापन समारोहमा सम्मानित भएको हो। आन्तरिक राजश्व कार्यालय पोखराले २०५६ सालमा स्थापना भएको कोन सहकारीलाई मंगलवार सम्मान गरेको छ । समापन कार्यक्रममा गत आर्थिक वर्षमा आयकरतर्फ बढी कर भुक्तानी साथै समयमा नियमित भएकोले सहकारीलाई उत्कृष्ट करदाता घोषित गर्दै सम्मान गरियो । गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थले कोन सहकारीका अध्यक्ष तीर्थवहादुर



बस्नेत लगायत पदाधिकारीलाई दोसल्ला तथा सम्मानपत्रबाट सम्मान गरे । सचिव पन्थले पोखरामा करदाताको उत्साह देखेर कर प्रशासनमा सुधार आएको सुखद अनुभूति सुनाए।

कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले कर तिर्न आउने करदातालाई सहज सेवा प्रवाह हुनुपर्नेमा जोड दिँदै करका दायरा वृद्धि गर्दै जानुपर्नेमा जोड दिए।

कोन सामुदायिक बचत तथा ऋण सहकारी लि.का मानार्थ संरक्षक तथा निवर्तमान अध्यक्ष शरदकान्त सिग्देलले सहकारीले स्थापनाको समयदेखी समुदाय सँगै राज्यलाइ समेत ठूलो योगदान गर्दै आएको चर्चा गरे । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अध्यक्ष सञ्जीवबहादुर कोइरालाले नीति र नियममा सबै चल्ने पर्नेमा जोड दिए। आगमी माघ १ गते देखि आफ्नै भवनवाट कारोवार गर्ने तयारी अवस्थामा रहको सहकारी अध्यक्ष तीर्थवहादुर बस्नेतले पोखरापत्रलाई बताए।

कार्यक्रममा कार्यालयका कम्प्युटर अपरेटर दीपक पौडेल उत्कृष्ट कर्मचारीवाट सम्मान र कर सप्ताह अन्तर्गत भएको ब्याटमिन्टन प्रतियोगितामा उत्कृष्टलाई सो अवसरमा सम्मान गरियो । आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख रमेश शर्माको अध्यक्षतामा भएको कार्यक्रममा कर अधिकृत विजय लामिछाने कार्यालयको वस्तु स्थितिको जानकारी दिँदै स्वागत र अधिकृत शुष्मा महताले संचालन गरेकी थिइन।

## पर्यटकको बसाई लम्बाउन फुटट्याक आवश्यक मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ मंसिर**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरामा पर्यटकको बसाई लम्बाउन फेवाताल किनारमा फुटट्याक आवश्यक भएको बताउनु भएको छ।

पोखरा २२ स्थित तालपारी अनदु गुरुङ समाजको सोमबार अनदुमा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै मन्त्री बरालले पोखरामा आउने पर्यटकको बसाई अवधि लम्बाउन फेवातालको किनार क्षेत्रमा फुटट्याक निर्माण गर्न आवश्यक भएको बताउनु भएको हो।

फेवातालबाट नजिक भएर पनि पोखरा २२ माथिल्लो तथा तल्लो अनदु क्षेत्र सहितका स्थानियहरु अझै विकासको पूर्वाधारको हिसावले पछि परेकोले ताल वरीपरीको क्षेत्रको विकाससंगै पर्यटकको बसाई लम्बाउन पनि



फुटट्याक बनाउदा धेरैलाई फाइदा पुग्ने मन्त्री बरालको भनाई थियो । स्थानियलाई ऐतिहासिक पुरात्तात्विक बस्तुहरुको संरक्षण गरी आफ्नो थाकथलो नछाड्न आग्रह गर्दै मन्त्री बरालले आवश्यक पूर्वाधार निर्माण गर्न सडक, गोरेटो बाटो निर्माण गर्न पहल गर्ने वचन दिनु भयो । उहाँले भन्नु भयो, पहिला मैले घाँस काटेको, दुध वोकेको यही ठाँउ हो, यो स्वर्ग जस्तो ठाँउ छाडेर तपाईहरु कत्ति विचलित नहुनुहोस विकासको आवश्यक पूर्वाधार निर्माणमा हामीले केही न केही गछौं ।" नेकपा माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले माओबादीको नेतृत्व बिना देशमा आर्थिक विकास समृद्धि हासिल गर्न नसकिने दाबी गर्नु भयो । माओबादीसंग विचार र भिजन भएकोले माओबादी नेतृत्वलाई अब सवै पार्टीले साथ र सहयोग गर्न समेत उहाँले आग्रह गर्नु भयो । पोखरा महानगरपालिका वडा नम्बर २२ का वडा अध्यक्ष मित्रलाल बरालले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आगामी निर्वाचनमा चितवनबाटै उठ्छु : अध्यक्ष दाहाल

**रासस**
**चितवन, ७ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आम निर्वाचनमा आफू चितवनबाटै उम्मेदवार बन्ने बताउनुभएको छ।

चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजना, भरतपुरले भरतपुर महानगरपालिका-२७ बुद्धनगरमा निर्माण गरेको डिप ट्युबेल सिँचाइ प्रणालीको सोमबार अबेर उद्घाटन गर्नुहुँदै उहाँले गत निर्वाचनमा आफूले चितवनका जनतासँग गरेको बाचा पूरा गर्दै आएको उल्लेख गर्नुभयो। उहाँले आगामी निर्वाचनममा चितवन क्षेत्र नं ३ बाटै आफ्नो उम्मेदवारी रहने स्पष्ट पार्नुभयो।

भरतपुर महानगरको विकास लोभलाग्दो रहेको भन्दै अध्यक्ष दाहालले यसलाई अझ उचाइमा पुऱ्याउनका लागि आफ्नो उम्मेदवारी रहने बताउनुभयो । भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई निर्वाचन अगाडि जग्गा वितरण गरिने उहाँको भनाइ थियो । "चितवनमा पहिलो चरणमा जग्गा वितरण गरिन्छ', उहाँले भन्नुभयो । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले समृद्ध तराई-मधेश कार्यक्रमअन्तर्गत आयोजना सुरु भएको भन्दै भरतपुर र माडी क्षेत्रमा सो कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो। यी क्षेत्रमा रु चार अर्बको लगानी हुने उहाँको भनाइ थियो। किसानले अब सिँचाइ अभाव महसुस गर्नु नपर्ने उहाँले बताउनुभयो । सो अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव सागरकुमार राई, भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सुशीलचन्द्र आचार्यलगायतको उपस्थिति थियो । चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाका प्रमुख देवकुमार स्याङ्वोका अनुसार सो क्षेत्रमा रु चार करोडको लागतमा पाँच डिपट्युबेल प्रणाली निर्माण गरिएका छन् । यसबाट २०० हेक्टर जमिन सिञ्चित हुने छ। जिल्लाका विभिन्न क्षेत्रमा यस कार्यालयले १७ ट्युबेल प्रणाली निर्माण गरिसकेको छ । ती ट्युबेल निर्माण गर्न रु १३ करोड ६० लाख खर्च भएको उहाँको भनाइ छ। नयाँ निर्माण गरिएका ट्युबेलले ८७७ हेक्टर जमिन सिञ्चित भएको छ।

## अध्यक्ष वा कुनै पनि पदमा अरुलाई नउठ्न दबाब दिन्न : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, ७ मंसिर**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनमा अध्यक्ष वा कुनै पनि पदमा अरुलाई नउठ्न आफूले कुनै दबाब नदिने बताउनुभएको छ।

महाधिवेशनका सन्दर्भमा आज सो पार्टीको केन्द्रीय प्रचार विभागद्वारा सम्पादकसँग आयोजित छलफल कार्यक्रममा अध्यक्ष ओलीले महाधिवेशनले लोकतान्त्रिक अभ्यासबाट सहमति वा निर्वाचनबाट छानिने नेतृत्वलाई आफूले सहजरुपमा स्वीकार्ने बताउनुभयो। तपाईंलाई सर्वसम्मत अध्यक्ष हुने स्थितिमा केही चुनौती आएको हो ? भन्ने प्रश्नमा अध्यक्ष ओलीले भन्नुभयो, "एमाले लोकतान्त्रिक पार्टी हो। यसमा कुनै प्रकारको जोरजुलुम छैन। म उठ्ने-नउठ्ने टुङ्गो गरेको छैन। त्यसैले मलाई अध्यक्षमा छोड्न वा चुनौती दिन पाइन्छ।

अरुलाई नउठ्न दबाब दिन्न । म अध्यक्ष भएमा पार्टीमा सबैलाई समान व्यवहार गर्छु।" उहाँले उपाध्यक्ष डा भीम रावलले अध्यक्षमा उठ्छु भनेर आफूलाई चुनौती नदिएको बरु आफूप्रति आदार, सम्मान, स्नेह दिनुभएको उल्लेख गर्दै रावलको स्नेहपूर्ण सुझावबाट आफू प्रभावित भएको बताउनुभयो।

अध्यक्ष ओलीले दशौँ महाधिवेशनले एमाले फुट्यो, कमजोर भयो भन्ने भ्रमलाई चिर्ने र पार्टीलाई शुद्धीकरण गर्दै एउटै लयमा अगाडि बढाएर मुलुकको समृद्धिका लागि पुनःनेतृत्व गर्न सक्ने शक्ति आर्जन गराउने बताउनुभयो । उहाँले एमाले एकजुट, सुदृढ र व्यापक छ भन्ने सन्देश महाधिवेशनले दिने जानकारी दिनुभयो । पार्टीका सचिव योगेश भट्टराईले पाँच लाखको सहभागितामा यही मङ्सिर १० गते चितवनको नारायणी नदी किनारमा निर्मित विशेष मञ्चमा महाधिवेशनको उद्घाटन गरिने र ७२ जना कलाकारको सामूहिक धूनबाट राष्ट्रिय गान बजाइनेलगायतका कार्यक्रम तय भएको जानकारी दिनुभयो । महाधिवेशनको बन्दसत्र चितवनको सौराहामा हुनेछ।

महाधिवेशनमा मनोनीतसहित दुई हजार २०० प्रतिनिधि हुनेछन् । उद्घाटन सत्रका लागि पाँच हजार स्वयंसेवकपरिचालनगरिनेभट्टराईले बताउनुभयो । महाधिवेशनमा विद्युतीय मेसिनबाट मतदान हुनेछ।

## एमाले महाधिवेशन: मंसिर ११ गते उम्मेदवारी मनोनयन

**रासस**
**चितवन, ७ काठमाडौं**

नेकपा (एमाले)को दशौँ राष्ट्रिय महाधिवेशनमा यही मङ्सिर ११ गते उम्मेदवारीका लागि मनोनयन हुने भएको छ।

निर्वाचन आयोगले मङ्सिर ११ गते अपराह्न १२ बजेदेखि २ बजेसम्म उम्मेदवारी मनोनयन हुने आयोगका सचिव बाबुराम दाहालले जानकारी दिनुभयो । उहाँले उद्धाटन सत्र सकिएपछि निर्वाचनका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिने बताउनुभयो। महाधिवेशनको नेतृत्व चयनका लागि विद्युतीय उपकरणबाट पहिलोपटक मतदान हुने भएको छ। आयोगका सचिव दाहालले मतदानका लागि ९२ वटा उपकरण प्रयोग गरिने जानकारी दिनुभयो। महाधिवेशनमा २२५ केन्द्रीय सदस्य, अनुशासन र लेखा आयोगमा १५/१५ जना गरी कूल २५५ पदका लागि निर्वाचन हुनेछ।

ती पदमा गत कात्तिक २७ गते निर्वाचित भएका एक हजार १९९ जना प्रतिनिधिले मतदान गर्ने छन् । उम्मेदवारीको मनोनयन गरिसकेपछि अर्को दिन मङ्सिर १२ गते बिहानैदेखि मतदान हुनेछ । उहाँका अनुसार एक जना प्रतिनिधिलाई विद्युतीय मेसिनमा मतदान गर्न आधा घण्टा लाग्ने छ । विद्युतीय मेसिनमा मतदान गर्नका लागि १० देखि १२ घण्टा लाग्ने उहाँले बताउनुभयो । उहाँले एउटा मेसिनमा २२ देखि २३ जनाले मतदान गर्ने व्यवस्था गरिएको बताउनुभयो । निर्वाचनमा ५० किसिमका विद्युतीय मतपत्र रहने छन् । महाधिवेशनमा एमालेले निर्वाचनका लागि ९२ वटा मेसिनको प्रयोग गर्ने छ तर महाधिवेशनस्थलमा १०० वटा मेसिन लगिने छ । पार्टीको केन्द्रीय कार्यालय, थापाथलीमा महाधिवेशन प्रतिनिधिलाई एमालेले विद्युतीय मेसिनबाट मतदान गर्न सिकाउनका लागि नमूना मतदानको अभ्यास गराइरहेको छ । दाहालले महाधिवेशनस्थलमा तीनवटा मेसिन र मोबाइलबाट नमूना मतदान गराइने बताउनुभयो । राम-लक्ष्मण इनोभेसनका निर्देशक लक्ष्मण रिमालले मतदान भएको चार घण्टामै मतपरिणाम घोषणा गर्ने बताउनुभयो।

## ३५१ संक्रमित, ९ जनाको मृत्यु

**रासस**
**काठमाडौं, ७ मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप ३५१ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा दश हजार १७४ को पिसिआर परीक्षण गरिएको थियो।

योसँगै नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख १९ हजार ६९९ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ३७० पुगेको छ। पछिल्लो समय थप २७३ जना कोरोनाबाट निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या आठ लाख ८९० पुगेको छ । निको हुने दर

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# संचार उद्यमी एवं व्यवसायी विश्वशंकर पालिखे सक्रिय राजनीतिमा

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

पोखराका संचार उद्यमी एवं व्यवसायी विश्वशंकर पालिखे सक्रिय राजनीतिमा लाग्ने भएका छन् ।

आफ्ना बाबु दयाशंकर पालिखे नेपाली काग्रेंसमा लागेको हुँदा आफु पनि विगत ५० बर्ष देखि पार्टी प्रति आस्था र समर्थन गर्दै आउने क्रममा अबका दिन देखि सक्रिय राजनीतिमा लाग्ने भएको पालिखेले मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । रेडियो अन्नपूर्णका अध्यक्ष, पोखरा उद्योग बणिज्य संघका पूर्व अध्यक्ष समेत रहेका पालिखे विभिन्न व्यपार व्यवसाय गर्दै आउने क्रममा हाल आफुले संचालन गर्दै आएको व्यापार व्यवसाय पुस्ता



हस्तान्तरण अर्न्तगत छोरा विजेस पालिखेलाई जिम्मा लगाएको बताए । उनले यसपालिको काग्रेंसको जिल्ला सदस्य पदको लागि उमेदवारी दिने पत्रकार सम्मेलनमा मार्फत उद्घोष गरे । विगत लामो समयदेखि पोखरामा व्यपार व्यवसाय गरेको हिसावले धेरैसंगको समिप्यताले गर्दा सवैको जानकारीको लागि पनि सार्वजनिक गरेको उनले प्रष्ट पारे । पार्टी कार्यालयदेखि पार्टीको सुदृण पार्न र पार्टीको मुल्य र मान्यतालाई स्थापित गर्न पनि आफुले जिल्ला सदस्यको उमेदवार दिने तयारी गरेको बताए। संस्थापन पक्षको तर्फबाट एकल पत्रकार सम्मेलनमा सहभागी भएका पालिखेले अबको बाँकी जीवन सक्रिय राजनीतिमा लाग्ने निधो गरेर जिल्ला सदस्य हुदै माथि बढ्ने इच्छा भएको उनले जनाए । यही मंसिर १० गते जिल्ला अधिवेसन हुने भएको छ।

# अखिल नेपाल खेलकुद महासंघमा नयाँ कार्यसमिति

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

अखिल नेपाल खेलकुद महासंघको प्रथम जिल्ला भेलाले बामदेव सुवेदीको अध्यक्षतामा ४७ सदस्यीय कार्यसमिति गठन गरेको छ ।

नवगठित कार्यसमितिको उपाध्यक्षमा प्रकाश मल्ल, सचिवमा विशाल गुरुङ, कोषाध्यक्षमा जीवन बाँस्तोला र सहसचिवमा होमनाथ विश्वकर्मा चयन भएका छन् । नेकपा माओबादी केन्द्र निकट खेलकर्मीहरुको यो संगठनले खेलकुदको माध्यमबाट युवाहरुलाई सही दिशामा डोऱ्याउने आफ्नो लक्ष्य बनाएको छ । 'हाम्रो टिमका सबै पदाधिकारी र सदस्यहरु धेरै पहिलेदेखि नै खेलकर्ममा जोडिनुभएको छ । युवाहरुलाई




एकता राख्न र संयमित बनाउन खेलकुद सबैभन्दा सहयोगी पनि सिद्ध पनि मानिन्छ ।

त्यसैले हामीले भेलाको आयोजना गरेर संगठित रुपमा अगाडि बढ्ने निर्णय गरेका हौं ।' अध्यक्ष चयन भएसँगै बामदेव सुवेदीले भने । नवगठित कार्यसमितिकै सकृयतामा निकट भविष्यमै कास्की जिल्लामा विभिन्न खेलकुद कार्यक्रमहरुको आयोजना गर्ने, खेलाडीहरुको वृद्धिविकासमा लक्षित कामहरु गर्ने र खेलकुद क्षेत्रलाई स्वच्छ अनि विवादरहित बनाउने काममा लाग्ने लक्ष्य लिएको कार्यसमितिका उपाध्यक्ष प्रकाश मल्लले बताए ।

# राष्ट्रिय क्रिकेटः लुम्बिनी प्रदेश विजयी

रासस
काठमाडौं, ७ मंसिर

राजधानीमा आजदेखि सुरु भएको यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले गण्डकी प्रदेशलाई पराजित गर्दै सुखद सुरुआत गरेको छ।

मूलपानीस्थित माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनीले गण्डकी प्रदेशलाई नौ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो । टस जितेर पहिला ब्याटिङ गरेको गण्डकी १४.२ ओभरमा जम्मा २३ रनमा समेटियो। गण्डकीका सात खेलाडीले खाता खोल्न सकेनन् । गण्डकीका अर्जुन कुमालले १७ बलमा १ चौकासहित सर्वाधिक ६ रन बनाए ।

त्यस्तै विष्णु पाण्डे ५ तथा सचिनराज अधिकारीले २ रन बनाए । बलिङतर्फ तीव्रगतिका बलर मोहम्मद हसैनले ७ ओभरमा १ मेडनसहित १४ रन खर्चेर ७ विकेट लिए । त्यस्तै दुर्गेश गुप्ता र वासिर अहमदले एक एक विकेट हात पारे । २४ रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनीले ५ दशमलव ५ ओभरमा १ विकेट गुमाउँदै पूरा गर्यो । लुम्बिनीका कप्तान देव खनालले २० बलमा ४ चौकासहित सर्वाधिक १७ रन बनाए । विराट भण्डारी ८ रनमा अविजित रहे । लुम्बिनीले दोस्रो खेलमा भोलि कर्णालीसँग कीर्तिपुरस्थित त्रिवि मैदानमा खेल्नेछ । बुधबारनै हुने अर्को खेल मूलपानीमा गण्डकी प्रदेशले वाग्मती प्रदेशसँग खेल्नेछ ।

## पर्यटकको...

कोरोनाले गर्दाअनदु क्षेत्रमा बजेट ब्यबस्थापन गर्न नसकिएको बताउनु भयो । उहाँले फेवातालको ३० देखि ३५ मिटरको मापदण्ड कायम गर्न माग्रह गर्नु भयो । माओबादि केन्द्र पोखरा २२ का ईन्चार्ज त्रिभुवन पौडेलले आगामी असार महिना भित्र अनदु क्षेत्रमा पिच सडक निर्माण गरी छाड्ने दाबी गर्नु भयो । माओबादी केन्द्र पोखरा २२ का वडा कमिटी अध्यक्ष नवराज बराललले भारतको नैनिताल जस्तै गरि फेवाताल वरिपरि क्षेत्रमा विकास गर्नुपर्ने बताउनु भयो ।

अनदु टोल बिकास संस्थाका अध्यक्ष दिपेन्द्र गुरूडले पयटकिय सम्भावना भएको यस क्षेत्रमा शहर जोड्ने सडक संजालको अभाव भएको गुनासो गर्नु भयो । पोखरा महानगरपालिका वडा २२ का सदस्य मात्रिका प्रसाद बराललले अनदु क्षेत्रमा सडक बाटो पहिलो आवश्यक भएको बताउनु भयो । संस्थाका अध्यक्ष प्रकाश गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्कममा स्थानिय आमा समुहले मन्त्री बराललाई स्वागत तथा सम्मान समेत गरेको सचिव चम बहादुर गुरुङले बताए ।

यसैबिच मन्त्री बराललले अनदु आधारभूत बिद्यालयको अवलोकन तथा निरिक्षण समेत गर्नु भएको छ । उक्त बिद्यालय हाल निकै जिर्ण अबस्थामा रहेको बिद्यालयका प्रध्यानाध्यापक भवीनाथ बराललले बताउनु भयो । बिद्यालयमा हाल १७ जना बिद्यार्थीहरु रहेकोछन भने २ शिक्षक सहित ३ जना कर्मचारी रहेका छन्। त्यस्तै स्थानियहरुले उक्त क्षेत्रमा सामुहिक माछा पालन गर्ने तयारी गरेका छन् ।

## ३५१...

९७ दशमलव ७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट थप नौ जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५०९ पुगेको छ। कोरोनाबाट हुने मृत्यु दर १.४ प्रतिशत रहेको छ।

त्यसैगरी पछिल्लो समय ९८ हजार ५११ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ३०० रहेको छ । हाल होम आइसोलेसनमा छ हजार ८६९, संस्थागत आइसोलेसनमा ४३१, आइसियुमा २२३ र भेन्टिलेटरमा ५१ जनाको उपचार हुँदैछ ।

# यू-१९ क्रिकेटः पाण्डेको कप्तानीमा गण्डकीको टोली घोषणा

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

गण्डकी प्रादेशिक क्रिकेट सङ्घले काठमाडौँमा आयोजना हुने 'वाईवाई यु-१९' पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि विष्णु पाण्डेको कप्तानीमा टोली घोषणा गरेको छ ।

गत कात्तिक २९ देखि मङ्सिर ४ गतेसम्म पोखरा रङ्गशालामा सञ्चालन भएको प्रादेशिक छनोट प्रतियोगिताबाट गण्डकीको टोली छनोट गरिएको हो । गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष देवेन्द्र प्रजुका अनुसुार १४ नियमित र चार वैकल्पिक खेलाडी छनोट गरिएको छ । टोलीको उपकप्तानको जिम्मेवारी सुभाष भण्डारीलाई दिइएको छ । छनोट भएका अन्य खेलाडीमा अर्जुन कुमाल, किरण पौडेल, दीपक डुम्रे, कमल परियार, सुदीप अर्याल, मिलन छेत्री, सुजन गौतम, सन्देश सुनार, सचिनराज अधिकारी, अभिषेक थापा, उत्सव श्रेष्ठ र प्रशान्त सिंह रहनुभएको छ ।

वैकल्पिक खेलाडीमा सन्दीप खत्री, स्वीकार श्रेष्ठ, विपीनराज न्यौपाने र समिर कँडेल हुनुहुन्छ । टोलीको प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापक दिवाकर थापा रहनुभएको छ । उन्नाइस वर्षमुनिको राष्ट्रिय क्रिकेटका लागि खेलाडी छनोट गर्न पोखरामा आयोजना गरिएको प्रतियोगितामा कास्की, तनहुँ, स्याङ्जा र नवलपुरका खेलाडी सहभागी थिए । उन्नाइस वर्षमुनिको पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता आजदेखि राजधानी काठमाडौँमा सुरु हुँदैछ ।

# नेकपा (एमाले) वडा कमिटीको महाधिवेशनका अवसरमा विभिन्न कार्य

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

१० औं राष्ट्रिय महाधिवेशनको सन्दर्भ पारेर नेकपा (एमाले) पोखरा वडा कमिटी ५ द्वारा विभिन्न रचनात्मक काम सम्पन्न भएका छन् ।

पोखरा जिरो किमीदेखि विन्ध्यवासिनीसम्म १५ वर्षदेखि २० वर्ष बिचमा बालबालिकाको सडक दौड प्रतियोगिता सम्पन्न भएको छ । जसमा ३ बालक, ३ बालिका तर्फ प्रथम, द्वितीय र तृतीय हुने ६ जनालाई नगद र प्रमाणपत्र वितरण गरियो । दौडमा ६५ जना सहभागि भएका थिए ।

पोखरा पर्स्याङदेखि जिरो कि.मीसम्म हाइवे सडक किनारा सरसफाई आयोजना गरियो । त्यसैगरी महाधिवेशन सफल पारौं भन्ने नाराका साथ रक्तदान कार्यक्रम सम्पन्न भएको छ । जसमा २३ जना सहभागी रहेका थिए । नेकपा(एमाले) का केन्द्रीय सदस्य पूर्व खेलकुद मन्त्री जगत बहादुर सुनार, प्रदेश संगठन कमिटीका सदस्यद्वय दिलिप बिक्रम शाही, धन बहादुर नेपाली लगायतले महाधिवेशन सफलताका लागि पार्टी कमिटीले जनताबीच प्रचारप्रसार कार्यमा जुटेकोमा आभार व्यक्त गर्नुभयो । कार्यक्रमको अध्यक्षता विष्णु प्रसाद बराललले गरेका थिए ।

# कात्तिकमा २३१ मानव अधिकार उल्लङ्घन

रासस
काठमाडौं, ७ मंसिर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले कात्तिक महिनामा २३१ जना व्यक्ति मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट पीडित भएको जनाएको छ ।

इन्सेकले गत कात्तिक महिनाको मासिक तथ्याङ्क विश्लेषण प्रतिवेदनमा १०४ जना महिला र १२७ पुरुष गरी २३१ जना पीडित भएका जनाएको छ । प्रतिवेदनअनुसार बागमती प्रदेशमा १३४, प्रदेश १ मा २२, लुम्बिनी प्रदेशमा २१, प्रदेश २ मा २०, कर्णाली प्रदेशमा १८, गण्डकी प्रदेशमा १४ र सुदूरपश्चिम प्रदेशमा दुई जना पीडित भएको उल्लेख छ ।

कात्तिकमा प्रहरीले १५ जना महिलासहित ११९ जनालाई गिरफ्तार गरेको छ । त्यसैगरी, यो अवधिमा १३ जना घाइते, अमानवीय व्यवहारबाट एक जना, दुर्व्यवहारको घटनामा एक जना, जातीय विभेदको घटनामा एक जना र बम विष्फोटनमा परी दुई जना घाइते भएको जनाएको छ । कात्तिकमा कारागारमा एक जनाको मृत्यु भएको छ भने पतिद्वारा छ जना पत्नीको हत्या भएको छ । त्यसैगरी बलात्कारपछि एक जनाको हत्या भएको छ । त्यस्तै, बाल अधिकार उल्लङ्घनका घटनामा ३४ जना बालबालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ४७ जना महिला पीडित भएको इन्सेक जनाएको छ ।

# अठार वर्षमुनिका बालबालिकाका लागि एक करोड डोज खोप 'बुक'

रासस
काठमाडौं, ७ मंसिर

बाह्र वर्षमाथिका विद्यार्थीलाई कोरोनाविरुद्धको खोप लगाउने विषयमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आज स्वास्थ्य मन्त्रालयमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडासँग छलफल गर्नुभएको छ ।

शिक्षामन्त्री पौडेलले भौतिक उपस्थितिमा विद्यालय सञ्चालन भएपछि १२ वर्षमाथिका सबै विद्यार्थीलाई तत्काल खोपको व्यवस्था गर्न आग्रह गर्नुभएको छ । शिक्षामन्त्रीले बालबालिकालाई विद्यालयमै पुगेर कोरोनाविरुद्धको खोप लगाउनुपर्नेमा जोड दिनुभयो ।

स्वास्थ्यमन्त्री खतिवडाले १८ वर्षमुनिका बालबालिकाको लागि एक करोड डोज खोप 'बुक' भइसकेको जानकारी दिनुभयो । मन्त्री खतिवडाले तीन करोड, २० लाख डोज खोप पाइपलाइनमा रहेको जानकारी दिनुभयो । बाह्र वर्षभन्दा मुनिका बालबालिकालाई डब्लुएचओले कोरोनाविरुद्धको खोप लगाउन स्वीकृति दिएको छैन । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार कक्षा १२ सम्मका ६७ लाख ५१ हजार ४४९ विद्यार्थीलाई कोरोनाविरुद्धको खोप लगाउनुपर्नेछ । जसमा पाँचदेखि नौ वर्ष उमेर समूहका ३१ लाख नौ हजार १७५ रहेका छन् । नौदेखि माथि उमेर समूहका ३६ लाख ४२ हजार २७४ रहेको मानव स्रोत विकास केन्द्रका महानिर्देशक चूडामणि पौडेलले जानकारी दिनुभयो ।


## कर्मचारी आवश्यकता

यस आयुर्वेदिक क्लिनिकको लागि तपसिल बमोजिमका योग्य कर्मचारी आवश्यकता परेको हुँदा योग्य व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पदः | संख्या |
|---|---|
| ल्याव टेक्निसियन | १ जना |
| ल्याव एसिष्टेन्ट | १ जना |
| सिएमए | २ जना |
| अनमी | २ जना |
| कार्यालय सहयोगी | १ जना |

सम्पर्कः
रश्मी आयूर्वेदिक क्लिनिक
पोखरा-१०, इन्द्रचोक
फोनः ०६१- ४३१४००, ९८५६०२२६०७

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## पायल्सका बिरामीको उपचार सेवा

२०७८ मंसिर ९ र १० गते

डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ

यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन) यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला ।

लक्षणहरु : १. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने । २. दिशागर्ने ठाँउमा मासु पलाएको । ३. दिशा राम्रोसंग नखुल्ने । ४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस । ५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने ।

पेट सम्बन्धी रोगहरुः ग्याट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी ।

क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा ।

पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै फोन नं. ०६१-४३२२६२, ४३०४०७, ९८४६०४८८०६

फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

